१२ औं नगर सभाका निर्णयहरु:-

निर्णय नं. ०१:-अमरगढी नगरपालिकाको आ.व. ०७९/८० को पौषसम्म भएका काम कारवाहिको वारेमा अर्ध वार्षिक समिक्षा गरियो र निम्नानुसारका काम कारवाहिलाई व्यवस्थित रुपमा सम्पादन गर्न नगरपालिकाको कार्यालयलाई निर्देशन दिने ।

क) फोहरमैला व्यवस्थापन,
ख) छाडा चौपाया व्यवस्थापन,
ग) पेश्कि तथा वेरुजु फर्छयौट,
घ) ईन्धन तथा सवारी साधन व्यवस्थापन तथा परिचालन ।

निर्णय नं. ०२:- अमरगढी नगर कार्यपालिकाबाट मिति २०७९ पौष २८ गतेसम्म भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ०३:- नगरपालिकाले २०७९ पौष २८ गतेसम्म गरेको चालु खर्च र पुँजिगत खर्च अनुमोदन गर्ने, साथै उक्त अवधीमा वितरण गरिएको आर्थिक सहायता, उपचारखर्च र अनुदान समेत अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ०४:- आ.व. ०७९/८० को बजेट अधिवेशनबाट बजेट विनियोजन भई नगर सभाबाट स्वीकृत भएका विभिन्न आयोजना तथा कार्यक्रमहरु विभिन्न कारणले सम्झौता हुन नसकेकोले वडा कार्यालयको सिफारिश अनुसार तपसिल बमोजिमका आयोजना तथा कार्यक्रमहरु परिमार्जन गर्ने निर्णय गरियो ।

तपसिल:-

| सि.नं. | साविक योजना/कार्यक्रमको नाम | रकम | वडा नं. | हाल परिमार्जन भएको नाम | रकम |
|---|---|---|---|---|---|
| १ | श्री आदर्श मणिलेक प्रा.वि.को छाना मर्मत | ५०,०००। | ९ | श्री आदर्श प्राविमाविद्युतलाईन जडान तथावाइरिगं | ५०,०००। |
| २ | श्री महेश्वरी प्रा.वि. निदालगाउँका छात्र छात्राको पोषाकखरिद | ५०,०००। | ९ | श्री महेश्वरी प्रा.वि. निदालगाउँमाआवश्यककुर्सी, कुसन र कार्पेट खरिद | ५०,०००। |
| ३ | विविध | ५,००,०००। | २ | क. बैज्नाथमा.विमौरडामा फिल्ड निर्माण रु १ लाख<br>ख. काँडे कोटमा भलिबल फिल्ड निर्माण रु १ लाख<br>ग. कैलपालमन्दिर यज्ञशालाको झ्याल ढोका निर्माण कारीगाउँ रु १,५०,०००। | ३,५०,०००। |
| ४ | त्रिपुरा सुन्दरी आ.वि.मा गुणस्तरिय शिक्षाव्यवस्थापन | १,००,०००। | २ | त्रिपुरा सुन्दरी आ.वि.मा फिल्ड निर्माण | १,००,०००। |
| ५ | सडक खानेपानी डिपिआर निर्माण | ३,००,०००। | ३ | सडक सरसफाई तथा स्तरोन्नती | ३,००,०००। |
| ६ | वार्ड मेलमिलाप समितितर्फ | ५०,०००। | ३ | पोषण च्यागंजुठ्यानतथा सरसफाई | ५०,०००। |

अमरगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डडेलधुरा
सुदूरपश्चिम प्रदेश,नेपाल

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | महिलाकालागिसिपमुलकतथाआयआर्जन तालिम | १,५०,०००। | ५ | नपा ५ भित्र रहेका जेष्ठ नागरिक, अतिगरिब, अपागं एकल महिला,पुरुषलाई कम्बल र सिरक वितरण | २,००,०००। (रु ५० हजार व्यवसायिक कृषितथापशुपालनशिर्षक बाट) |
| ८ | व्यवसायिक कृषितथापशुपालन | ३,००,०००। | ५ | महिला स्वास्थ्य स्वयंसेविका कोषको लागि | २५,०००। |
| ९ | विकास निर्माणका लागि बजेट माग गर्न संघमा जाने भ्रमण खर्च | १,७५,०००। | ५ | युवा बेरोजगारहरुको लागि ड्राइभिगं तालिम | (रु २५हजार व्यवसायिक कृषितथापशुपालनशिर्षक बाट) |
| १० | विविध | ५,५०,०००। | ५ | म्याचिगं फण्ड | २,५०,०००। |
| ११ | असिग्राममन्दिरको न्वाउलानिर्माण | ७५,०००। | ५ | सेलागाउँदलित वस्ती समैजी देवतामन्दिर निर्माण | ७५,०००। |
| १२ | घटालस्थानमन्दिर परिसर पार्क निर्माण | ५०,०००। | ५ | भूमीराजमन्दिर भराड निर्माण झुर्काली | ५०,०००। |
| १३ | खेलकुदप्रशिक्षकखर्च | १,६९,०००। | १० | बोकडी भ्वान्वालो मर्मत योजना | १,६९,०००। |
| १४ | म्याचिगं फण्ड | ५,००,०००। | ७ | क.रगडा भुमिराजमन्दिरको रेलिगं तर्फ रु ५०,०००। ख. वडा कार्यालय व्यवस्थापनखर्च तर्फ रु ३,००,०००। | ३,५०,०००। |
| १५ | स्वास्थ्यविमा साझेदारी कार्यक्रम | २,५०,०००। | ८ | युवातथालक्षितवर्गका लागि ड्राईभिगं तालिम सञ्चालन | २,५०,०००। |

निर्णय नं. ०५:-आर्थिक वर्ष ०७८/७९ को म.ले.प. प्रतिवेदनका बारेमा छलफलगर्दा उक्त प्रतिवेनबाट औल्याईएका पेश्कि तथा वेरुजु रकम फर्छ्यौटका लागि आवश्यक कारवाहि अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. ०६:- यस नगरपालिकाको फोहरमैला व्यवस्थापनका लागि आवश्यक पर्ने जग्गा खरिद गर्नु पर्ने भएकाले जग्गा खरिदको सहमतीका लागि संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयसंग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ७ आ.व. ०७९/८० देखी लागुहुने गरि करका दररेटहरु समायोजन तथा परिमार्जन गर्नु पर्ने भएकाले तपसिल बमोजिमका दररेटहरु स्वीकृतगर्ने निर्णय गरियो ।

- अटोरिक्साको रुट पर्मिट वार्षिक रु -२५००।- (दुई हजार पाँच सय)
- अटोरिक्सा दर्ता शुल्क रु - ५००।- (पाँच सय)

निर्णय नं. ८-: नेपाल सरकारको निर्णयानुसार जग्गाको वर्गिकरण नभएसम्मका लागि कित्ताकाट रोक्का गरिएकोमा यस नगरपालिकाको जग्गा वर्गिकरण (आवास क्षेत्र, औद्योगिक/व्यापारिक क्षेत्र र खेती योग्य क्षेत्र) गर्नका लागि परामर्शदाता नियुक्त गर्ने निर्णय गरियो ।

CamScanner